# गोकुलगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप

३ नं. प्रदेश नेपाल

## ढुङ्गा,गिट्टी,बालुवा संकलन तथा विक्री सम्बन्धी ठेक्काको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०७६/०५/०३**

यस **गोकुलगंगा गाउँपालिकाको** आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत आर्थिक वर्ष २०७६/०७७ का लागि तपशिल बमोजिमको सर्तमा ढुंगा, गिट्टी, वालुवा तोकिएको स्थानवाट संकलन र कृषिजन्य, वनजन्य, पशुजन्य, वस्तुहरुको निकासी कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोहुँदा उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरीएको छ । नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. न. | ठेक्का नं. | ठेक्काको विवरण | कूल जम्मा न्युनतम वार्षिक ठेक्का अंक (मू.अ.क कर बाहेक) | बोलपत्र फारम दस्तुत रु. | संकलन तथा निकासीको परिमाण | अन्य निकासी कर रु. | शुल्क प्रति घन फिट (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७६/०७७ | खिम्ती खोलाबाट ढुङ्गा,गिट्टी,बालुवा संकलन तथा विक्री गर्ने कार्य (ओलामे वगर,मेले वगर,एकामफेदी बगर,सिदुर्पा बगर,होदम्पा बगर,फर्पु फेदी बगर) | रु ६०,००,०००/- (रु.साठ्ठी लाख मात्र) | रु.३०००/- (रु.तीन हजार मात्र) | ६ लाख ५६ हजार ४६७ घन फिट | १ लाख | प्रति घन फिट रु.९/- (रु.नौ मात्र) |

१. बोलपत्र फारम को सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ आफ्नो कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको सिद्धार्थ बैक गोकुलगंगा शाखा रस्नालु स्थित धरौटी खाता नं.०३६१५०३१६१० मा जम्मा गरेको सक्कल भौचर साथै राखि खाम वाहिर प्रस्ट बुझिने गरी ढुङ्गा,गिट्टी,बालुवा संकलन तथा विक्री कार्यको बोलपत्र उल्लेख गरी बोलपत्र भनी नाम समेत उल्लेख गरी बोलपत्र दाताको नाम,थर,ठेगाना समेत स्पष्ट उल्लेख गरी पेश गर्नु पर्ने छ । साथै बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दताका प्रमाणित इजाजत पत्र,अद्यावधिक नविकरण फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र ,स्थायी लेखा नम्बर प्रमाणपत्र ,आ.व.२०७४/०७५को कर चुक्ताको प्रमाणपत्र वा आर्थिक वर्ष २०७४/०७५ को कर/आय विरण पेश गरेको प्रमाणित कागजात,बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको सिद्धार्थ बैक लि. रहेको संन्चित खाता नं. ०३६१५०३१६०३ मा जम्मा गरेको भौचर (रकम फित्ता नहुने) समेत समावेश गर्नुपनेछ । खरिद भएको बोलपत्र स्पष्ट सँग भरी शिलबन्दी लाहाछाप लगाई यो सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालमा दर्ता गराईसक्नु पर्नेछ । संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ ।

३. रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे विभन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिहिरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन ।

४. रित नपुगि, म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

५. ठेक्दारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अंकमा ५० प्रतिशत कायम गरिक्ने र अन्नय दुई किस्ता **२५ प्रतिशत** का दरले विभाजन गरिनेछ । पहिलो किस्ताको रकम सम्झौता अगाडीनै जम्मा गर्नु पर्नेछ । दोश्रो किस्ताको रकम माघको पहिलो साता र अन्ति किस्ता चैत्रको दोश्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ । पहिलो किस्ता बाहेक बाँकी किस्तको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेण्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस **गोकुलगंगा गाउँपालिका**मा सुरक्षित रहेनछ । दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौत ागर्न आउन भनी सूचना दिईनेछ । सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचान गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक अंक उल्लेख गर्नुपर्नेछ । प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ । मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू .अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रुपमा बुझाउनुपर्नेछ ।

८. बोलपत्र खरिदको अन्तिम दिन सार्वजानिक विदा पर्न गएको खण्डमा उक्त कार्यहरु विदा सके लगतै कार्यालय खुलेको दिन लगतै हुनेछ ।

९. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ । नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ ।

१०. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नु पर्नेछ । सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन ।

११. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ ।

१२. खोलाबाट सामाग्री हरु उत्खनन तथा संकलन गर्दा विहान सूर्यादय पश्चात र बेलुका सुर्यादय अगावै गरिसक्नु पर्नेछ । साथै मापदण्ड विपरित कुनै किसिमको उत्खनन तथा संकलन गर्न पाईनेछैन ।

१३. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ ।

१४. ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता समाग्री खोलाबाट संकलन गरी यस गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्धी गर्नुपर्नेछ । घाटदद्दी गरिएको ढुङ्गा, गिटि, वालुवा, ग्राभेल जस्ता समाग्रको परिणाम यस गाउँपालिकाको अनुगमन समितिबाट एकिन गरी विक्री गर्नुपर्नेछ ।

१५. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मितिले २०७७ जेठ मसान्त सम्म कायम हुनेछ ।

१६. सिलबन्दी बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं.९८५४०४३६४०, ९८४९६१९९८६ ।

१७. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।